**निर्णयहरु**

**निर्णय नं. १.**

कार्यपालिकाको अघिल्लो ४७ औं वैठकमा भएका निर्णय र सो सम्बन्धमा भएको कार्य प्रगतिवारे छलफल तथा समीक्षा गरियो। वैठकका निर्णय कार्यान्वयन सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं. २**

मन्थली नगरपालिकाको अघिल्लो वैठकमा छलफल भएको नीतिमा आधारित रहेर तयार गरिएको प्रस्तावित कार्यक्रम र वजेट परिमार्जन सहित पारित गरी आगामी नगरसभामा पेश गर्ने ।

**निर्णय नं. ३.**

मन्थली नगरपालिकाको देहाय वमोजिमका कार्यविधि वैठकमा प्राप्त सुझाव समेटेर परिमार्जन सहित पारित गर्ने ।

(क) अल्पकालीन सेवा केन्द्र सञ्चालन कार्यविधी २०७८

(ख) राजश्व परामर्श समितिको कार्य सञ्चालन कार्यविधि २०७८

**निर्णय नं. ४.**

मन्थली नगरपालिकाको कार्यालयबाट मस्यौदा भई विभिन्न समितिहरुबाट सुझाव सहित पारित भएका देहाय वमोजिमका विधेयकहरु परिमार्जन सहित नगरसभामा पेश गर्ने ।

(क) विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन विधेयक २०७८

**निर्णय नं. ५.**

सेवा प्रवाहको चाँप र आवश्यकताका आधारमा मन्थली प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नती गरी १५ शैय्याको मन्थली अस्पताल सञ्चालन गर्ने ।

**निर्णय नं. ६.**

सम्भावित विपदबाट पिडीत नागरिकको तत्काल उध्दारका लागि विपद व्यवस्थापन समितिको सिफारिसका आधारमा सबै वडालाई पायक पर्ने गरी न्युनतम चार ओटा हेलिप्याड निर्माण गर्ने ।

**निर्णय नं. ७**

सम्भावित विपदबाट पिडीत नागरिकको तत्काल व्यवस्थापनका लागि सबै वडालाई पायक पर्ने गरी न्युनतम चार ओटा होल्डिङ्ग सेन्टर तोकी सञ्चालनका लागि आवश्यक व्यवस्थापन गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत